# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, वैशाख ६ गते २०५७ साल (अतिरिक्ताङ्क ४


## भाग ३

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

### श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०५७

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४१ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिअनुसार श्री ५ को सरकारको कार्य विभाजनको लागि देहायको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस नियमावलीको नाम "श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०५७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा "मन्त्रालय" भन्नाले यस नियमावलीको अनुसूची - १ मा उल्लिखित मन्त्रालय, सचिवालय र कार्यालय सम्झनु पर्छ ।

३. मन्त्रालय: श्री ५ को सरकारको कार्य सम्पादन अनुसूची-१ मा तोकिएबमोजिमका मन्त्रालयहरुद्वारा गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ को सरकारले नेपाल राजपत्रमा आदेश जारी गरी मन्त्रालयको नाममा हेरफेर र संख्या थपघट गर्न सक्नेछ ।

४. कामको बाँडफाँड: मन्त्रालयको कामको बाँडफाँड अनुसूची-२ मा तोकिएबमोजिम हुनेछ । तर,-

(१) श्री ५ को सरकारले नेपाल राजपत्रमा आदेश जारी गरी कुनै मन्त्रालयको काम अर्को मन्त्रालयमा सार्न सक्नेछ ।

(२) कुनै मन्त्रालयको काममध्ये केही काम सम्बन्धित मन्त्रीको अनुरोधमा प्रधानमन्त्रीले श्री ५ मा जाहेर गरी अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्न सक्नेछ ।

५. मन्त्रीहरुमा कार्यभारको विभाजन : एउटै मन्त्री वा राज्यमन्त्रीलाई एक वा एक भन्दा बढी मन्त्रालयको अख्तियार दिई कार्यभार विभाजन हुन सक्नेछ ।

६. खारेजी : श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७ खारेज गरिएको छ ।

अनुसूची - १
(नियम ३ सँग सम्बन्धित)

**मन्त्रालयको नाम**

१. मन्त्रिपरिषद् सचिवालय
२. प्रधानमन्त्रीको कार्यालय
३. अर्थ मन्त्रालय
४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
६. कृषि तथा सहकारी मन्त्रालय
७. गृह मन्त्रालय
८. जनसंख्या तथा वातावरण मन्त्रालय
९. जलस्रोत मन्त्रालय
१०. परराष्ट्र मन्त्रालय
११. भूमिसुधार तथा व्यवस्था मन्त्रालय
१२. भौतिक योजना तथा निर्माण मन्त्रालय
१३. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
१४. रक्षा मन्त्रालय
१५. वन तथा भू-संरक्षण मन्त्रालय
१६. विज्ञान तथा प्रविधि मन्त्रालय
१७. शिक्षा तथा खेलकुद मन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. श्रम तथा यातायात व्यवस्था मन्त्रालय
१९. सामान्य प्रशासन मन्त्रालय
२०. सूचना तथा संचार मन्त्रालय
२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
२२. स्थानीय विकास मन्त्रालय
२३. स्वास्थ्य मन्त्रालय

अनुसूची - २
(नियम ४ सँग सम्बन्धित)

## मन्त्रालयको काम

### १. मन्त्रिपरिषद् सचिवालय

१. राजदरवार सम्बन्धी
२. मन्त्रिपरिषद् सम्बन्धी
३. विभिन्न मन्त्रालयको कार्य रेखदेख, समन्वय तथा नियन्त्रण सम्बन्धी
४. श्री ५ को सरकारको कार्य विभाजन र कार्य सम्पादन व्यवस्था सम्बन्धी
५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को निर्देशनहरुको कार्यान्वयन सम्बन्धी
६. श्री ५ को सरकारको नीति एवं मन्त्रालयहरुको गठन र विघटन सम्बन्धी
७. विधेयक, अध्यादेश, नियम तथा आदेश सम्बन्धी
८. श्री ५ को सरकारको नीति, निर्णय तथा कानून बमोजिम कार्य संचालन भैरहेको छ, छैन अनुगमन गर्ने, गराउने सम्बन्धी
९. संवैधानिक परिषद् सम्बन्धी
१०. अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी
११. राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी ।

### २. प्रधानमन्त्रीको कार्यालय

१. देशको राजनैतिक, आर्थिक, सामाजिक, शान्ति सुरक्षा एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी लिने र सो सम्बन्धमा प्रधानमन्त्रीबाट भएका निर्देशनहरु सम्बन्धित मन्त्रीहरुलाई अवगत गराउने सम्बन्धी
२. समाजका विभिन्न वर्ग, व्यवसायी र समुदायको विकास एवं लोक कल्याणको लागि संचालित कार्यहरुलाई प्रभावकारी बनाउने सम्बन्धी
३. अत्यावश्यक उपभोग्य वस्तुहरुको नियमित र संतुलित आपूर्तिको व्यवस्था गर्न लगाउने, त्यस सम्बन्धी नियमित अनुगमन र सुपरिवेक्षण गराउने र देखापरेका समस्या तत्काल समाधान गर्ने सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. व्यवस्थापन सूचना प्रणालीको विकास र प्रभावकारिता ल्याउने सम्बन्धी
५. प्रशासन सुधारको कार्यलाई नियमित र प्रभावकारी बनाउन अनुगमन र मूल्याङ्कन पद्धतिलाई निरन्तरता दिने सम्बन्धी
६. द्विपक्षीय र बहुपक्षीय स्तरमा भएका सन्धि, संझौता र सहमति अनुरुप कार्य भए नभएको सम्बन्धमा अनुगमन र मूल्याङ्कन सम्बन्धी
७. राजनैतिक सम्पर्क र समन्वय सम्बन्धी
८. प्रधानमन्त्रीबाट भएका निर्देशनहरुको कार्यान्वयन तथा अनुगमन सम्बन्धी
९. प्रधानमन्त्रीको बाह्य एवं आन्तरिक जनसम्पर्क तथा संचार सम्बन्धी
१०. राष्ट्रिय योजना आयोग सम्बन्धी
११. भ्रष्टाचार नियन्त्रण विभाग सम्बन्धी
१२. प्रधानमन्त्रीको अन्य कार्यहरु सम्बन्धी ।

## ३. अर्थ मन्त्रालय

१. आर्थिक नीति, आर्थिक प्रशासन र नियन्त्रण सम्बन्धी
२. आर्थिक विश्लेषण सम्बन्धी
३. आर्थिक साधनहरुको बाँडफाँड सम्बन्धी
४. मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन सम्बन्धी
५. बैंकिङ्ग सम्बन्धी (कृषि विकास बैंक समेत)
६. बीमा सम्बन्धी
७. आय-व्यय विवरण (बजेट) सम्बन्धी
८. राजश्व नीति तथा योजना सम्बन्धी
९. राजश्व अनुसन्धान सम्बन्धी
१०. राजश्व प्रशासन एवं राजश्व संकलन सम्बन्धी
११. सामान्य मूल्य नीति सम्बन्धी
१२. आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र अर्थ व्यवस्था सम्बन्धी
१३. आर्थिक एवं मुद्रा विषयक अन्तर्राष्ट्रिय सम्मेलन सम्बन्धी
१४. वैदेशिक सहायता सम्बन्धी
१५. वैदेशिक ऋण सम्बन्धी
१६. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण सम्बन्धी
१७. सार्वजनिक ऋण तथा जमानत सम्बन्धी
१८. तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, निवृत्तिभरण, उपदान आदि सम्बन्धी
१९. सरकारी संस्थानको तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण सम्बन्धी


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. सरकारी कोषको प्रशासन सम्बन्धी
२१. लेखा नियन्त्रण सम्बन्धी
२२. महालेखा परीक्षकको विभाग सम्बन्धी
२३. कर्मचारी संचयकोष सम्बन्धी
२४. संस्थानको नीति निर्माण, समन्वय तथा निजीकरण सम्बन्धी
२५. राजश्व र आर्थिक प्रशासन तालीम सम्बन्धी
२६. पूँजी बजार सम्बन्धी ।

## ४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

१. उद्योग, वाणिज्य र अत्यावश्यक वस्तुहरुको आपूर्ति विषयक नीति, योजना तथा कार्यान्वयन
२. खानी तथा खनिज पदार्थ अन्वेषण सम्बन्धी नीति, योजना तथा कार्यान्वयन सम्बन्धी
३. खानी तथा खनिज विकास विषयक अध्ययन, तालीम, अन्वेषण तथा सर्भेक्षण सम्बन्धी
४. सरकारी क्षेत्रमा औद्योगिक कार्य सम्बन्धी
५. औद्योगिक संघ संस्थाहरु सम्बन्धी
६. औद्योगिक क्षेत्रहरु सम्बन्धी
७. औद्योगिक नियोगहरु सम्बन्धी
८. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय औद्योगिक संस्थाहरुसँगको सम्पर्क सम्बन्धी
९. वैदेशिक लगानी प्रवर्द्धन सम्बन्धी
१०. घरेलु तथा ग्रामीण सीप र उद्योगको संरक्षण तथा प्रवर्द्धन सम्बन्धी
११. नाप, तौल र गुणस्तर निर्धारण तथा प्रवर्द्धन सम्बन्धी
१२. औद्योगिक लगानी प्रवर्द्धन सम्बन्धी
१३. उद्योग, वाणिज्य तथा आपूर्ति सम्बन्धी निगम, संस्थान र कम्पनीहरु सम्बन्धी
१४. उत्पादकत्व वृद्धि विषयक नीति तथा कार्यक्रम सम्बन्धी
१५. प्रविधि विकास र प्रविधि हस्तान्तरण सम्बन्धी
१६. औद्योगिक जनशक्तिको विकास तथा तालीम, अन्वेषण तथा सर्भेक्षण सम्बन्धी
१७. औद्योगिक तथा वाणिज्य प्रवर्द्धन र संरक्षण सम्बन्धी
१८. कम्पनी प्रशासन सम्बन्धी
१९. पेटेण्ट, डिजाइन र ट्रेडमार्क सम्बन्धी
२०. आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार विषयक अध्ययन, अनुसन्धान र सर्भेक्षण सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. आयात निर्यात व्यापार विषयक नीतिगत निर्णय र अन्तर्राष्ट्रिय व्यापारहरु संचालन सम्बन्धी

२२. सरकारी तथा सार्वजनिक व्यापारको संचालन सम्बन्धी

२३. वाणिज्य र पारवहन सम्बन्धी सन्धि, सम्झौता, द्विपक्षीय र बहुपक्षीय अन्तर सरकारीं वाणिज्य वार्ता र तत्सम्बन्धी समीक्षा सम्बन्धी

२४. राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय, वाणिज्य र पारवहन सम्बन्धी संघ संस्थाहरुसँग सम्पर्क, सहयोग र समन्वय सम्बन्धी

२५. पारवहन, गोदाम तथा अन्तर्राष्ट्रिय परिवहन सम्बन्धी

२६. व्यापार, परिवहन र अन्तर्राष्ट्रिय परिवहन सम्बन्धी सूचनाहरुको संकलन, विश्लेषण र सूचनाको आदान प्रदान सम्बन्धी

२७. आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार संचालनका लागि विभिन्न परिवहनका साधनहरु सम्बन्धी अध्ययन, सर्भेक्षण र कम खर्चिलो परिवहन व्यवस्था सम्बन्धी

२८. अत्यावश्यक वस्तुहरुको आपूर्ति विषयक अध्ययन, अनुसन्धान, सर्भेक्षण, विश्लेषण तथा तालीम सम्बन्धी

२९. खाद्य वस्तुहरुको आपूर्ति सम्बन्धी नीति र कार्यान्वयन सम्बन्धी

३०. अत्यावश्यक वस्तुहरुको गुणस्तर सम्बन्धी

३१. सर्वसाधारण जनताको लागि अत्यावश्यकीय उपभोग्य पदार्थहरुको नियमित र सन्तुलित आपूर्ति व्यवस्था मिलाउने सम्बन्धी

३२. राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय आपूर्ति सम्बन्धी संघ संस्थाहरुसँगको सम्पर्क र समन्वय सम्बन्धी

३३. बजार व्यवस्था र मूल्य सुपरिवेक्षण सम्बन्धी

३४. निर्माण सामग्रीहरु र अत्यावश्यक उपभोग्य वस्तु आयात सम्बन्धी

३५. उपभोक्ता हक हित र अधिकारको संरक्षण सम्बन्धी

३६. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत माइनिङ, जियोलोजी, केमेष्ट्री, केमिकल, मेटालर्जिकल र मेट्रोलोजी समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण तथा विभागिय कारबाही आदि सम्बन्धी ।

## ५. कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

१. ऐन, अध्यादेश, नियम र आदेश तर्जुमा गर्ने सम्बन्धमा परामर्श दिने, मसौदा गर्ने र मसौदा जाँच्ने सम्बन्धी

२. प्रचलित नेपाल कानून, अन्तर्राष्ट्रिय कानून, न्याय प्रणाली र न्याय प्रशासन सम्बन्धमा अनुसन्धान गर्ने, भैरहेका कानूनहरुको पुनरावलोकन गर्ने, सुधार गर्ने तथा आवश्यक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नयाँ कानूनको सुझाव गर्ने सम्बन्धी

३. नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाहरुको सम्पादन गर्ने सम्बन्धी

४. कानूनी राय सल्लाह दिने सम्बन्धी

५. अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मसौदा गर्ने, मसौदा जाँच्ने र सो सम्बन्धमा परामर्श दिने सम्बन्धी

६. सरकारी मुद्दा फिर्ता लिने तथा मिलापत्र गर्ने सम्बन्धी

७. देहायका विषयमा कानूनी परामर्श दिने सम्बन्धी :-

(क) बहुपक्षीय सन्धि-सम्झौता स्वीकार (र्‍याटिफिकेशन र एक्सेशन) गर्ने ।

(ख) अन्तर्राष्ट्रिय वा अन्तरसरकारी संस्थाको सदस्यता ग्रहण गर्ने ।

(ग) अन्तर्राष्ट्रिय कानूनी दायित्व व्यहोर्ने

(घ) अन्तर्राष्ट्रिय सम्मेलन वा वार्ताहरुमा अन्तर्राष्ट्रिय कानूनको विषयमा अपनाउनु पर्ने दृष्टिकोण

८. अन्तर्राष्ट्रिय कानूनी विवाद सम्बन्धी

९. अन्तर्राष्ट्रिय कानून सम्बन्धी संस्था र सम्मेलनहरु तथा अन्तर्राष्ट्रिय संस्था र सम्मेलनहरुको कानूनी पक्ष सम्बन्धी

१०. श्री ५ को सरकारलाई आवश्यक पर्ने कानून वा लिखतको अनुवाद गर्ने, अनुवाद जाँच्ने र सन्धि सम्झौताको अनुवाद गर्ने सम्बन्धी

११. सन्धि सम्झौताहरु र कानूनको एकीकरण एवं प्रकाशन सम्बन्धी

१२. न्याय परिषद् सम्बन्धी

१३. न्याय सेवा आयोग सम्बन्धी र न्याय सेवाको कर्मचारी प्रशासन सम्बन्धी

१४. सर्वोच्च अदालत र अन्तर्गतका अदालत सम्बन्धी काम, न्याय प्रशासन, मुद्दा र अदालती लगतको तथ्याङ्क तथा सरकारी मुद्दाको तथ्याङ्क सम्बन्धी

१५. महान्यायाधिवक्ताको कार्यालय सम्बन्धी

१६. राजश्व न्यायाधिकरण सम्बन्धी

१७. विशेष अदालत र न्यायिक जाँचबुझ आयोग सम्बन्धी

१८. कानून र न्याय प्रशासन सुधार आयोगहरु सम्बन्धी

१९. कानून व्यवसाय र नि:शुल्क कानूनी सहायता सम्बन्धी

२०. कानून किताब व्यवस्था समिति सम्बन्धी

२१. कानून विषयक गोष्ठी र तालीम सम्बन्धी

२२. संसदीय व्यवस्था सम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा एवं कार्यान्वयन सम्बन्धी

२३. संसदको आव्हान, अन्त्य, विघटन तथा शाही सम्बोधन सम्बन्धी

२४. संसद सचिवालयको सम्पर्क मन्त्रालयको रुपमा काम गर्ने सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. संसदमा पेश हुने सरकारी विधेयक सम्बन्धी
२६. संसदमा पेश हुने गैर-सरकारी विधेयकमा सरकारको धारणा राख्ने सम्बन्धी
२७. संसदका पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी
२८. संसदका पदाधिकारीहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा गोष्ठी, सम्मेलन, अध्ययन भ्रमण आदि सम्बन्धी
२९. संसदमा दिइएका सरकारी आश्वासन तथा सङ्कल्पहरुको कार्यान्वयन सम्बन्धी
३०. संसद सेवाका कर्मचारीहरुको सेवा, शर्त, सुविधा तथा नियुक्ति, सरुवा, बढुवा र विभागीय कारबाही आदि सम्बन्धी ।

## ६. कृषि तथा सहकारी मन्त्रालय

१. कृषि तथा कृषि उत्पादन सम्बन्धी नीति, योजना तथा कार्यान्वयन सम्बन्धी
२. खाद्यान्न र दलहन, तेलहन, कपास, जुट, उखु, सूर्ति लगायत नगदे तथा औद्योगिक बाली, तरकारी तथा फलफूल खेतीको विकास तथा सुधार सम्बन्धी
३. कृषि रसायन तथा माटो सम्बन्धी अनुसन्धान र ज्ञानको उपयोग सम्बन्धी
४. कृषि इन्जिनियरिङ र उन्नत कृषि औजार सम्बन्धी
५. कृषि फार्महरु र कृषि केन्द्रहरु सम्बन्धी
६. बाली संरक्षण विषयक अनुसन्धान तथा सर्वेक्षण सम्बन्धी
७. कृषि प्रचार प्रसार तथा युवा कृषक कार्यक्रम सम्बन्धी
८. कृषि नर्सरी तथा बीउ बिजनको विकास सम्बन्धी
९. पशुपंक्षी पालन तथा यसको विकास, नश्ल सुधार, दाना र चरन विकास सम्बन्धी
१०. पशु चिकित्सा, पशु रोगको रोकथाम र औषधी उत्पादन सम्बन्धी
११. दुग्ध तथा दुग्धोत्पादित वस्तुहरुको विकास सम्बन्धी
१२. मत्स्यपालन सम्बन्धी
१३. कृषिजन्य वस्तुहरुको बजार तथा मूल्य सम्बन्धी
१४. कृषि सामग्री तथा कृषि प्रविधि विकास सम्बन्धी संस्थान, समितिहरु सम्बन्धी
१५. कम्पोष्ट मल तथा रासायनिक मल सम्बन्धी
१६. सहकारी विकास सम्बन्धी नीति, योजना र कार्यान्वयन सम्बन्धी
१७. सहकारी सम्बन्धी संघ संस्थाहरु सम्बन्धी
१८. अन्तर्राष्ट्रिय कृषि तथा सहकारी संस्थाहरु सम्बन्धी
१९. खाद्य अनुसन्धान सम्बन्धी
२०. पशु तथा प्लाण्ट क्वारेण्टिन सम्बन्धी
२१. मौरीपालन तथा च्याउ, रेशम, आदि विशेष बालीहरुको विकास सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. कृषि क्षेत्रको बीउ, बिजन, बिरुवा, पशुपन्छी, माछा भुरा आदिको जात, नश्लको गुणस्तर निर्धारण प्रमाणीकरण र नियमन सम्बन्धी

२३. कृषि क्षेत्रसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान, सर्भेक्षण एवं तालीम सम्बन्धी

२४. कृषि सेवा अन्तर्गतका समूह र उप-समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण तथा विभागीय कारबाही आदि सम्बन्धी ।

## ७. गृह मन्त्रालय

१. शान्ति सुरक्षा सम्बन्धी
२. नेपाल प्रहरी सम्बन्धी
३. कारागार सम्बन्धी
४. विशेष प्रहरी विभाग सम्बन्धी
५. राष्ट्रिय अनुसन्धान विभाग सम्बन्धी
६. हातहतियार र खरखजानाको इजाजत सम्बन्धी
७. विष्फोटक पदार्थ नियन्त्रण सम्बन्धी
८. विदेशी नागरिक उपर रेखदेख, नियन्त्रण र देश बाहिर पठाउने सम्बन्धी
९. सवारी नियन्त्रण सम्बन्धी
१०. उपत्यकामा रहेका सरकारी सवारी साधन सम्बन्धी
११. संघ संस्था सम्बन्धी
१२. स्थानीय प्रशासन सम्बन्धी
१३. नागरिकता सम्बन्धी
१४. आप्रवासन तथा प्रवासन सम्बन्धी
१५. तीर्थस्थान र तीर्थयात्रीहरु सम्बन्धी
१६. कल्याण धन र बेवारिसी धन सम्बन्धी
१७. चिट्ठा, जुवा इत्यादिको नियन्त्रण सम्बन्धी
१८. सार्वजनिक स्थानमा अवान्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ र सार्वजनिक अपराध आदिको नियन्त्रण सम्बन्धी
१९. दैवीप्रकोप सहायता सम्बन्धी
२०. सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि सम्बन्धी
२१. सार्वजनिक चन्दा संकलन नियन्त्रण सम्बन्धी
२२. अध्यागमन सम्बन्धी
२३. विभूषण सम्बन्धी
२४. शरणार्थी सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. अंचल र जिल्लाको सदरमुकाम तथा सिमाना सम्बन्धी
२६. वारुण यन्त्र सम्बन्धी
२७. लागू औषध नियन्त्रण प्रशासन सम्बन्धी
२८. हाट बजार मेला सम्बन्धी
२९. अन्तर्राष्ट्रिय सीमा र सीमास्तम्भको हेरचाह र सम्भार सम्बन्धी
३०. अंचल र जिल्लास्थित सरकारी भवनहरुको रेखदेख र सुरक्षा सम्बन्धी
३१. गृह प्रशासन विषयक राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन सम्बन्धी
३२. निर्वाचन आयोग सम्बन्धी
३३. जीउ मास्ने बेच्ने र तस्करी नियन्त्रण सम्बन्धी
३४. अरू कुनै मन्त्रालयको लागि किटानीसाथ नतोकिएको श्री ५ को सरकारको कुनै काम सम्बन्धी ।

## ८. जनसंख्या तथा वातावरण मन्त्रालय

१. जनसंख्या तथा वातावरण सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन सम्बन्धी
२. जनसंख्या तथा वातावरण विषयक अध्ययन तथा अनुसन्धान, सर्भेक्षण, तालीम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार र सम्मेलन सम्बन्धी
३. जनसंख्या तथा वातावरणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क, समन्वय सम्बन्धी
४. प्रदूषण नियन्त्रण, वातावरण संरक्षण र सन्तुलन सम्बन्धी
५. जनसंख्या तथा वातावरण विषयक प्रकाशन एवं प्रचार-प्रसार आदि सम्बम्धी
६. बसाई सराई सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन सम्बन्धी
७. सरकारी तथा गैर-सरकारी संघ संस्थाहरुद्वारा कार्यान्वयन गरिएका जनसंख्या तथा वातावरण सम्बन्धी कार्यक्रमहरुको नियमित तथा आवधिक मूल्यांकन र समीक्षा सम्बन्धी
८. वातावरण सम्बन्धी जनशक्तिको तयारी सम्बन्धी ।

## ९. जलस्रोत मन्त्रालय

१. जलस्रोतको संरक्षण तथा नियन्त्रण र उपयोग एवं विकास सम्बन्धी नीति, योजना र कार्यान्वयन सम्बन्धी
२. जलस्रोत र यसको उपयोग सम्बन्धी सर्भेक्षण, अनुसन्धान तथा संभाव्यता अध्ययन सम्बन्धी


आधिकारिकता 22 मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. जलस्रोत सम्बन्धी बहुमुखी योजनाहरुको निर्माण, संचालन तथा संभार र प्रवर्द्धन सम्बन्धी
४. जलस्रोत सम्बन्धी जनशक्तिको विकास सम्बन्धी
५. बाढी र नदी नियन्त्रण सम्बन्धी
६. विद्युत् विकास सम्बन्धी अध्ययन, अनुसन्धान, आयोजनाको सम्भाव्यता अध्ययन, निर्माण, संचालन, संभार र विकास सम्बन्धी
७. विद्युत् र विद्युत सम्बन्धी कम्पनी एवं संस्थासँग सम्बन्धित विषयहरु सम्बन्धी
८. विद्युत् विकासमा निजी क्षेत्रको प्रवर्द्धन सम्बन्धी
९. सिंचाइको लागि जलस्रोत (भूमिगतसमेत) विषयक अध्ययन, अनुसन्धान तथा कार्यान्वयन सम्बन्धी
१०. सिंचाई आयोजनाहरुको निर्माण, संरक्षण र सिंचाई सुविधाको समुचित प्रयोग (फार्म सिंचाई र साना सिंचाई सम्बन्धी कार्यक्रमहरु समेत) सम्बन्धी
११. जलस्रोत र त्यसको उपयोग सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार, गोष्ठी तथा सम्पर्क सम्बन्धी
१२. जलस्रोत र त्यसको उपयोग सम्बन्धी द्विपक्षीय वा बहुपक्षीय वार्ता, सन्धि, सम्झौता सम्बन्धी
१३. पानीपोत सम्बन्धी
१४. जलस्रोतसँग सम्बन्धित निकायहरुसँग समन्वय गर्ने सम्बन्धी
१५. इन्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका समूह उप-समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण तथा विभागीय कारबाही आदि सम्बन्धी-
    (क) इलेक्ट्रिकल इन्जिनियरिङ समूह
    (ख) मेकानिकल इन्जिनियरिङ समूह
    (ग) मेटेरियोलजी समूह
    (घ) प्लानिङ एण्ड मेनेजमेण्ट समूह
    (ङ) हाइड्रो पावर उप-समूह
    (च) हाइड्रोलोजी उप-समूह
    (छ) इरिगेशन उप-समूह ।

## १०. परराष्ट्र मन्त्रालय

१. नेपालको परराष्ट्र नीति सम्बन्धी
२. विदेशी राष्ट्रहरुसँगको सम्बन्ध सम्बन्धी
३. नेपालस्थित विदेशी नियोगहरु सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. विदेशमा नेपालको प्रतिनिधित्व सम्बन्धी
५. विदेशमा नेपाल सम्बन्धी प्रचार-प्रसार सम्बन्धी
६. विदेशी राष्ट्रहरुसँग लेखापढी सम्बन्धी
७. संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संस्थाहरु सम्बन्धी
८. सपुर्दगी सम्बन्धी
९. राहदानी (पासपोर्ट) तथा विदेशमा दिने भिसा सम्बन्धी
१०. अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने सम्बन्धी
११. अतिथि सत्कार सम्बन्धी
१२. शिष्टाचार (प्रोटोकल) सम्बन्धी
१३. नेपाल एवं अरू देशका नागरिकहरुको आ-आफ्नो सरकारबाट व्यक्तिमाथिको दावा सम्बन्धी
१४. विदेशमा रहेका नेपाली नागरिकहरुको अभिलेख तथा तिनीहरुको हक हित र संरक्षण सम्बन्धी
१५. आर्थिक कूटनीति, अन्तर्राष्ट्रिय व्यापार तथा पर्यटन प्रवर्द्धन सम्बन्धी
१६. अन्तर्राष्ट्रिय स्तरमा जनस्तरीय एवं गैर-सरकारी संस्था स्तरीय सम्बन्ध विकास र प्रवर्द्धन सम्बन्धी ।

## ११. भूमि सुधार तथा व्यवस्था मन्त्रालय

१. भूमि सुधार तथा व्यवस्था सम्बन्धी नीति, योजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन सम्बन्धी
२. मालपोत र रजिष्ट्रेशन सम्बन्धी
३. जग्गा दर्ता सम्बन्धी
४. भूमि सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मेलन सम्बन्धी
५. जग्गा नाप जाँच सम्बन्धी प्रशासन तथा तालीम सम्बन्धी
६. अनिवार्य बचत योजना, ऋण वितरण र ऋण असुली सम्बन्धमा हालसम्म संकलित बचतलाई वितरण गर्ने सम्बन्धी
७. जियोडेटिकल नापी, टोपोग्राफिक नक्शा तयारी र हवाई सर्वेक्षण सम्बन्धी
८. गुठी संस्थान र गुठी अन्तर्गतको जग्गा व्यवस्थापन सम्बन्धी
९. सुकुम्बासी सम्बन्धी
१०. नेपाल इञ्जिनियरिङ सेवाको नापी समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण तथा विभागीय कारबाही आदि सम्बन्धी ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## १२. भौतिक योजना तथा निर्माण मन्त्रालय

१. भौतिक योजना र भौतिक पूर्वाधारको विकास सम्बन्धी नीति, योजना र कार्यान्वयन सम्बन्धी
२. आवास नीति, योजना र कार्यान्वयन सम्बन्धी
३. सरकारी भवनको निर्माण तथा मर्मत सम्भार सम्बन्धी
४. भवन एवं अन्य निर्माण सामाग्रीहरुको प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान तथा विकासका मापदण्डहरु तयार गरी कार्यान्वयन गर्ने गराउने सम्बन्धी
५. शहरीकरण वा नगर विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने गराउने सम्बन्धी
६. बसोबास र बस्ती विकास सम्बन्धी
७. खानेपानी र ढल निकास सम्बन्धी
८. केन्द्रीय सचिवालय, मन्त्री, संवैधानिक अङ्गका प्रमुख आदिको आवास व्यवस्था सम्बन्धी
९. नगर विकास समितिहरु तथा सरकारी क्षेत्रका आवास निर्माण सम्बन्धी संस्थाहरुको रेखदेख सम्बन्धी
१०. आवास निर्माण सम्बन्धी गैर-सरकारी क्षेत्रका संस्थाहरुको प्रवर्द्धन तथा विकास सम्बन्धी
११. आवास तथा भौतिक योजना क्षेत्रहरुका अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थाहरुसँग सम्पर्क र सहयोग सम्बन्धी
१२. स्थल मार्ग, जल मार्ग तथा रज्जु मार्गको निर्माण र विकास सम्बन्धी नीति योजना र कार्यान्वयन सम्बन्धी
१३. सडक (घोडेटो बाटो बाहेक) तथा पुल (झोलुङ्गे पुल बाहेक) निर्माण, मर्मत, सम्भार एवं संरक्षण सम्बन्धी
१४. विभिन्न स्थल मार्ग, जल मार्ग र रज्जु मार्गको निर्माण तथा इन्जिनीयरिङ कन्सल्टेन्सी विषयक संस्थान तथा संगठनहरु सम्बन्धी
१५. स्थल मार्ग, जल मार्ग तथा रज्जु मार्गको निर्माणसंग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क सम्बन्धी
१६. स्टोर्मवाटर ड्रेनेज (पानी ढल) कार्य सम्बन्धी
१७. नेपाल इन्जिनियरिङ्ग सेवाको ट्रान्सपोर्टेशन उप-समूह र जनरल बिल्डिङ एण्ड आर्किटेक्ट तथा स्यानिटरी उप-समूहहरु सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण तथा विभागीय कारबाही आदि सम्बन्धी ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## १३. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

१. महिला, बालबालिका, समाज कल्याण सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन सम्बन्धी

२. महिला, बालबालिका, समाज कल्याण सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण, तालीम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र सम्मेलनहरु सम्बन्धी

३. महिला, बालबालिका, समाज कल्याण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क र समन्वय सम्बन्धी

४. अनाथ बालबालिका, असहाय, महिला, वृद्ध, वृद्धा, अपाङ्ग र अशक्तहरुको संरक्षण र सम्बर्द्धन सम्बन्धी

५. बालबालिका कल्याण सम्बन्धी

६. समाज कल्याण परिषद् सम्बन्धी

७. महिला कल्याण तथा सीप विकास सम्बन्धी

८. समाज कल्याण केन्द्रहरु सम्बन्धी

९. बाल मन्दिरहरु सम्बन्धी

१०. युवालयहरुको संचालन र युवालय सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय सम्बन्धी

११. सरकारी तथा गैर-सरकारी संघ संस्थाहरुद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका, समाज कल्याण सम्बन्धी कार्यक्रमहरुको नियमित तथा आवधिक मूल्यांकन र समीक्षा सम्बन्धी

१२. धर्मपुत्र र धर्मपुत्री लिने दिने विषय सम्बन्धी ।

## १४. रक्षा मन्त्रालय

१. रक्षा नीति सम्बन्धी

२. शाही नेपाली सेनाको गठन र नियन्त्रण सम्बन्धी

३. सैनिक अधिकृत तथा जवानहरुको अनुशासन र सेवा शर्त सम्बन्धी

४. सैनिक गठन सम्बन्धी

५. सैनिक तालीम सम्बन्धी

६. सेना सम्बन्धी सुविधा सम्बन्धी

७. सैनिक हातहतियार र सामग्रीको खरीद र उत्पादन सम्बन्धी

८. सैनिक कारबाही र सेनाको गतिविधि आदि सम्बन्धी

९. शाही नेपाली सेना सम्बन्धी

१०. सैनिक निर्माणशाला सम्बन्धी

११. सैनिक व्यवस्थापन (इन्स्टलेशन) र संचार तथा यातायात सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. सैनिक भण्डार सम्बन्धी
१३. शिलखाना सम्बन्धी
१४. सैनिक गुप्तचर विभाग सम्बन्धी
१५. सैनिक अस्पतालहरु सम्बन्धी
१६. सैनिक ब्यारेक तथा कार्यालयहरुको व्यवस्था सम्बन्धी
१७. प्रशासन, विकास कार्य र दैवीप्रकोप उद्धार कार्यमा सहयोग सम्बन्धी
१८. राष्ट्रिय सेवा दलको संगठन, तालीम र प्रशासन सम्बन्धी
१९. भूतपूर्व सैनिकहरुको कल्याण सम्बन्धी
२०. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्षको सुरक्षा सम्बन्धी
२१. शाही नेपाली सैनिक विमान सेवा सम्बन्धी
२२. सैनिक कल्याणकारी योजना सम्बन्धी
२३. राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी ।

## १५. वन तथा भू-संरक्षण मन्त्रालय

१. वन सम्बन्धी नीति, योजना र कार्यान्वयन सम्बन्धी
२. सरकारी वन, धार्मिक वन, सामुदायिक वन, कबुलियती वन, निजी वन आदि सम्बन्धी
३. सरकारी र गैर-सरकारी वन क्षेत्रको सर्भेक्षण, नाप नक्सा र सीमा निर्धारण सम्बन्धी
४. भू-उपयोग, वन जंगल र वन पैदावारको उपयोग, संरक्षण तथा सम्बर्द्धन सम्बन्धी
५. वन पैदावार विकास सम्बन्धी
६. वनजन्य उद्योग र वनजन्य कच्चा पदार्थहरुको प्रबन्ध तथा खोटो उद्योग सम्बन्धी
७. वन सम्बन्धी अनुसन्धान तथा वृक्षारोपण र सोको संरक्षण एवं व्यवस्थापन सम्बन्धी
८. वन्यजन्तु एवं पशुपंक्षीको संरक्षण र सदुपयोग सम्बन्धी
९. राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष र शिकार क्षेत्र सम्बन्धी
१०. हात्तीसार र चिडियाखाना सम्बन्धी
११. भू-तथा जलाधार क्षेत्र संरक्षण, सम्बर्धन, विकास र समन्वय सम्बन्धी
१२. प्राकृतिक वातावरणको संरक्षण र सन्तुलन सम्बन्धी
१३. वनस्पति र जडिबूटी सम्बन्धी नीति, सर्भेक्षण, संकलन, प्रवर्द्धन, प्रशोधन, उत्पादन र उपयोग सम्बन्धी अनुसन्धान सम्बन्धी
१४. शाही वनस्पति उद्यान, जडिबूटी उद्योग सम्बन्धी
१५. वनस्पति सम्बन्धी संग्रहालय (हर्वेरियम) सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 26

१६. वन, वनस्पति, वन्यजन्तु, जलाधार संरक्षण र भू-संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय तालीम, सम्मेलन, गोष्ठी र प्रदर्शनीहरु तथा प्रचार-प्रसार सम्बन्धी

१७. वन, वनस्पति, वन्यजन्तु, जलाधार संरक्षण र भू-संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क सम्बन्धी

१८. श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष सम्बन्धी

१९. नेपाल वन सेवा सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण तथा विभागीय कारबाही आदि सम्बन्धी।

## १६. विज्ञान तथा प्रविधि मन्त्रालय

१. विज्ञान तथा प्रविधि सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा एवं कार्यान्वयन सम्बन्धी

२. विज्ञान तथा प्रविधिको विकास तथा विस्तारका कार्यक्रमहरु सम्बन्धी

३. विज्ञानको क्षेत्रमा भएका प्रगतिहरुको अन्वेषण र अनुसन्धान सम्बन्धी

४. प्रविधिका क्षेत्रमा हासिल गरेका उपलब्धिहरुको अन्वेषण र विश्लेषण सम्बन्धी

५. वैकल्पिक ऊर्जा विकास सम्बन्धी

६. विज्ञान तथा प्रविधिबारे विश्वविद्यालयहरुसँग सम्पर्क र समन्वय सम्बन्धी

७. विज्ञान तथा प्रविधिसँग सम्बन्धित सामग्रीहरुको उत्पादन, आपूर्ति र व्यवस्थापन सम्बन्धी

८. अत्याधुनिक प्रविधि विषयक तथ्यांक संकलन र सर्भेक्षण सम्बन्धी

९. विज्ञान तथा प्रविधि विषयक राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय सम्मेलन, सेमिनार र गोष्ठीहरु सम्बन्धी

१०. विज्ञान एवं प्रविधि विषयक द्विपक्षीय र बहुपक्षीय सम्झौता एवं समझदारी पत्रहरु सम्बन्धी

११. विज्ञान तथा प्रविधि विषयक अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क तथा समन्वय सम्बन्धी

१२. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान सम्बन्धी

१३. विज्ञान तथा प्रविधि परिषद् सम्बन्धी

१४. राष्ट्रिय विधि विज्ञान प्रयोगशाला सम्बन्धी

१५. जल तथा मौसम विज्ञान विषयक अध्ययन, अनुसन्धान र भविष्यवाणी सम्बन्धी

१६. सूचना प्रविधिको विकास तथा विस्तार सम्बन्धी

१७. प्लानेटोरियम, वेधशाला र विज्ञान संग्रहालय सम्बन्धी।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८

## १७. शिक्षा तथा खेलकूद मन्त्रालय

१. शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमहरुको तर्जुमा एवं कार्यान्वयन सम्बन्धी
२. शिशु, प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक तथा उच्च शिक्षा, दूर शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा, जनसंख्या शिक्षा र पौष्टिक आहार कार्यक्रम सम्बन्धी
३. प्राविधिक, व्यावसायिक, नैतिक तथा शारीरिक शिक्षा सम्बन्धी
४. शिक्षक तालीम र शैक्षिक जनशक्ति विकास सम्बन्धी नीतिको तर्जुमा तथा कार्यान्वयन सम्बन्धी
५. शैक्षिक संस्थाहरु सम्बन्धी
६. विश्वविद्यालयहरु सम्बन्धी
७. खुला प्रतियोगिताबाट मनोनयन हुने छात्रवृत्ति, विदेशमा अध्ययन अनुसन्धान गर्न जाने तथा विदेशीहरुलाई नेपालमा अध्ययन, अनुसन्धान गर्न आउने स्वीकृति दिने सम्बन्धी
८. पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी
९. शिक्षा सम्बन्धी सर्भेक्षण, तथ्यांक तथा अनुसन्धान सम्बन्धी
१०. पुस्तकालयहरु, वाचनालयहरु सम्बन्धी
११. शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार, सम्मेलन तथा राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क तथा समन्वय सम्बन्धी
१२. शिक्षा सम्बन्धी द्विपक्षीय र बहुपक्षीय सम्झौताहरु सम्बन्धी
१३. नेपाल बालचर (स्काउट) सम्बन्धी
१४. जनक शिक्षा सामग्री केन्द्र सम्बन्धी
१५. युनेस्को तथा इसिमोडसँग सम्पर्क तथा समन्वय सम्बन्धी
१६. युवा तथा खेलकूद सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन सम्बन्धी
१७. युवा तथा खेलकूद सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण, तालीम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र सम्मेलनहरु सम्बन्धी
१८. युवा तथा खेलकूद सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्बन्ध, सम्पर्क र समन्वय सम्बन्धी
१९. सरकारी तथा गैर-सरकारी संघ संस्थाहरुद्वारा कार्यान्वयन गरिएका युवा, खेलकूद सम्बन्धी कार्यक्रमहरुको नियमित तथा आवधिक मूल्याङ्कन र समीक्षा सम्बन्धी
२०. युवा जनशक्ति परिचालन एवं तत्सम्बन्धी कार्यक्रमहरुको नियमित र आवधिक मूल्याङ्कन सम्बन्धी
२१. खेलकूद सम्बन्धी विभिन्न क्रियाकलापहरु सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. राष्ट्रिय खेलकूद परिषद् तथा खेलकूद सम्बन्धी अन्य संस्थाहरु सम्बन्धी

२३. नेपाल शिक्षा सेवा सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, सुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण तथा विभागीय कारबाही आदि सम्बन्धी ।

## १८. श्रम तथा यातायात व्यवस्था मन्त्रालय

१. श्रम सम्बन्धी नीति तथा कार्यान्वयन सम्बन्धी

२. श्रमशक्ति र श्रमबजार सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्यांक संकलन तथा विश्लेषण सम्बन्धी

३. श्रम सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क र सम्बन्ध सम्बन्धी

४. श्रमिक र व्यवस्थापक बीचको सम्बन्ध सम्बन्धी

५. रोजगार सेवा तथा श्रमिक आपूर्ति सम्बन्धी

६. वैदेशिक रोजगार सम्बन्धी

७. व्यावसायिक तालीमको संचालन, समन्वय तथा प्रवर्द्धन सम्बन्धी

८. नाबालक, महिला, अपाङ्ग तथा बँधुवा मजदूरको सीप र तालीम सम्बन्धी

९. ट्रेड यूनियन सम्बन्धी

१०. श्रमिकहरुको सामाजिक सुरक्षा सम्बन्धी

११. विदेशीहरुका लागि श्रम स्वीकृति दिने सम्बन्धी

१२. श्रम प्रशासन तथा व्यवस्थापन सम्बन्धी

१३. बोनस सम्बन्धी

१४. यातायात (हवाई यातायात बाहेक) तथा परिवहन सम्बन्धी व्यवस्थापन र सञ्चालन सम्बन्धी नीति, योजना, कार्यान्वयन र नियमन सम्बन्धी

१५. यातायात् (हवाई यातायात बाहेक) तथा परिवहन व्यवस्थापन र संचालनसँग सम्बन्धित संस्थान तथा संगठनहरु सम्बन्धी

१६. यातायात सेवा (हवाई यातायात सेवा बाहेक) व्यवस्थापन र संचालनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्था वा निकायहरुसँग सम्पर्क सम्बन्धी

## १९. सामान्य प्रशासन मन्त्रालय

१. निजामती कर्मचारी प्रशासन तथा अभिलेख सम्बन्धी नीति, योजना र कार्यान्वयन सम्बन्धी

२. बढुवा समितिको सचिवालय सम्बन्धी

३. सेवा, समूह परिवर्तन सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## १७. शिक्षा तथा खेलकूद मन्त्रालय

१. शिक्षा सम्बन्धी नीति, योजना र कार्यक्रमहरुको तर्जुमा एवं कार्यान्वयन सम्बन्धी
२. शिशु, प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक तथा उच्च शिक्षा, दूर शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा, जनसंख्या शिक्षा र पौष्टिक आहार कार्यक्रम सम्बन्धी
३. प्राविधिक, व्यावसायिक, नैतिक तथा शारीरिक शिक्षा सम्बन्धी
४. शिक्षक तालीम र शैक्षिक जनशक्ति विकास सम्बन्धी नीतिको तर्जुमा तथा कार्यान्वयन सम्बन्धी
५. शैक्षिक संस्थाहरु सम्बन्धी
६. विश्वविद्यालयहरु सम्बन्धी
७. खुला प्रतियोगिताबाट मनोनयन हुने छात्रवृत्ति, विदेशमा अध्ययन अनुसन्धान गर्न जाने तथा विदेशीहरुलाई नेपालमा अध्ययन, अनुसन्धान गर्न आउने स्वीकृति दिने सम्बन्धी
८. पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी
९. शिक्षा सम्बन्धी सर्भेक्षण, तथ्यांक तथा अनुसन्धान सम्बन्धी
१०. पुस्तकालयहरु, वाचनालयहरु सम्बन्धी
११. शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार, सम्मेलन तथा राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क तथा समन्वय सम्बन्धी
१२. शिक्षा सम्बन्धी द्विपक्षीय र बहुपक्षीय सम्झौताहरु सम्बन्धी
१३. नेपाल बालचर (स्काउट) सम्बन्धी
१४. जनक शिक्षा सामग्री केन्द्र सम्बन्धी
१५. युनेस्को तथा इसिमोडसँग सम्पर्क तथा समन्वय सम्बन्धी
१६. युवा तथा खेलकूद सम्बन्धी नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन सम्बन्धी
१७. युवा तथा खेलकूद सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण, तालीम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र सम्मेलनहरु सम्बन्धी
१८. युवा तथा खेलकूद सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्बन्ध, सम्पर्क र समन्वय सम्बन्धी
१९. सरकारी तथा गैर-सरकारी संघ संस्थाहरुद्वारा कार्यान्वयन गरिएका युवा, खेलकूद सम्बन्धी कार्यक्रमहरुको नियमित तथा आवधिक मूल्याङ्कन र समीक्षा सम्बन्धी
२०. युवा जनशक्ति परिचालन एवं तत्सम्बन्धी कार्यक्रमहरुको नियमित र आवधिक मूल्याङ्कन सम्बन्धी
२१. खेलकूद सम्बन्धी विभिन्न क्रियाकलापहरु सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. रेडियो तथा टेलिभिजन प्रसारण सम्बन्धी
७. चलचित्र विकास सम्बन्धी
८. दूरसंचार सम्बन्धी
९. फ्रिक्वेन्सी वितरण, व्यवस्थापन तथा मनिटरिङ सम्बन्धी
१०. नेपाल दूर संचार प्राधिकरण, नेपाल दूर संचार संस्थान, गोरखापत्र संस्थान, चलचित्र संस्थान, रेडियो प्रसार सेवा विकास समिति, राष्ट्रिय समाचार समिति तथा नेपाल टेलिभिजन सम्बन्धी
११. प्रेस काउन्सिल सम्बन्धी
१२. संचार सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँगको सम्पर्क सम्बन्धी ।

## २१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१. संस्कृति, पर्यटन तथा हवाई यातायात विकास सम्बन्धी नीति, योजना र कार्यान्वयन सम्बन्धी
२. संस्कृति तथा पर्यटनसम्बन्धी उद्योगको प्रवर्द्धन एवं संरक्षण सम्बन्धी
३. ट्राभल र ट्रेकिङ एजेन्सी सम्बन्धी
४. संस्कृति तथा पर्यटन क्षेत्रसँग सम्बन्धित तालिमको नीति निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकन सम्बन्धी
५. संस्कृति, पर्यटन तथा हवाई यातायात सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरु बीच सम्पर्क सम्बन्धी
६. पर्वतारोहण सम्बन्धी
७. संस्कृति, पर्यटन तथा हवाई यातायात सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार र सम्मेलन सम्बन्धी
८. पुरातात्त्विक महत्त्वका स्मारकहरु र पुरातात्विक वस्तुहरुको संग्रह, संरक्षण र सम्बर्धन तथा पुरातात्त्विक अन्वेषण र उत्खननको कार्य गर्ने गराउने सम्बन्धी
९. देश बाहिर लगिने पुरातात्त्विक सामानहरुको जाँच र अनुमति सम्बन्धी
१०. संग्रहालय र अभिलेखालयहरु सम्बन्धी
११. पुरातात्त्विक विषयमा प्रतिलिपि अधिकार सम्बन्धी
१२. देशमा विद्यमान सांस्कृतिक धरोहरहरुको संरक्षण र सम्बर्धन सम्बन्धी
१३. संस्कृति सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता, सांस्कृतिक आदान प्रदान तथा अध्ययन र अनुसन्धान सम्बन्धी
१४. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, बृहत्तर जनकपुर क्षेत्र विकास समिति, सांस्कृतिक संस्थान र अन्य सांस्कृतिक संस्था एवं समितिहरु सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. विभिन्न धर्म, जात, जाति, सम्प्रदाय, भाषा, भाषिकाहरु, साहित्य, लिपि, कला र संस्कृतिको विकास सम्बन्धी

१६. विमान स्थलको निर्माण, मर्मत तथा सम्भार एवं प्रवर्द्धन सम्बन्धी

१७. हवाई यातायात तथा परिवहनको संचालन तथा व्यवस्था सम्बन्धी

१८. हवाई यातायात सम्बन्धी संस्थान, प्राधिकरण तथा संगठनहरु सम्बन्धी

१९. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत देहायका समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण तथा विभागीय कारबाही आदि सम्बन्धी :-

(क) एरोनटिकल इन्जिनियरिङ समूह

(ख) इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ समूह

(ग) सिभिल एभिएशन अपरेशन तथा इन्जिनियरिङ समूह ।

## २२. स्थानीय विकास मन्त्रालय

१. दुर्गम क्षेत्र, ग्रामीण एवं स्थानीय स्वायत्तशासन, सामुदायिक विकास, स्थानीय विकास एवं स्थानीय स्तरको खानेपानी तथा ढल निकास तथा सरसफाइ सम्बन्धी नीति, योजना र कार्यक्रमको कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन सम्बन्धी

२. दुर्गम क्षेत्र, ग्रामीण एवं स्थानीय स्वायत्तशासन, सामुदायिक विकास, स्थानीय विकास एवं स्थानीय स्तरको खानेपानी तथा ढल निकास तथा सरसफाइ सम्बन्धी तालीम, अनुसन्धान एवं अन्वेषण सम्बन्धी

३. गाउँ, नगर र जिल्लाको सीमांकन सम्बन्धी

४. स्थानीय विकासको कार्यक्रममा समन्वय सम्बन्धी

५. स्थानीय जनशक्ति र जन सहयोगको परिचालन सम्बन्धी

६. स्थानीय विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन तथा सम्पर्क सम्बन्धी

७. स्थानीय निकायहरुको बीचमा समन्वय र सम्पर्क सम्बन्धी

८. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता सम्बन्धी

९. एकीकृत ग्रामीण विकास परियोजना सम्बन्धी

१०. विकेन्द्रीकरण सम्बन्धी नीति निर्माण, कार्यक्रम, कार्यान्वयन तथा अनुगमन सम्बन्धी

११. स्थानीय प्रविधिको विकास सम्बन्धी

१२. स्थानीयस्तरको सडक (कृषि सडक समेत) सम्बन्धी

१३. घोडेटो बाटो र झोलुंगे पुल सम्बन्धी

१४. जनजाति, आदिवासी र दलित विकास सम्बन्धी ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २३. स्वास्थ्य मन्त्रालय

१. स्वास्थ्य सेवा सम्बन्धी नीति, योजना तथा कार्यान्वयन सम्बन्धी
२. जनस्वास्थ्य तथा सार्वजनिक स्वास्थ्य सेवाको अनुसन्धान योजना र विकास सम्बन्धी
३. एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानी आदि चिकित्सा प्रणालीको विषयमा प्रतिकारात्मक, सम्वर्द्धनात्मक, उपचारात्मक तथा पुनःस्थापन सम्बन्धी अनुसन्धान तथा विकास सम्बन्धी
४. स्वास्थ्य सम्बन्धी तालीम सम्बन्धी
५. स्वास्थ्य सेवा सम्बन्धी गैर-सरकारी संस्थाहरु सम्बन्धी
६. औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य नियन्त्रण तथा बिक्री वितरण र औषधि वा औषधिका मादक पदार्थहरुको अनुचित प्रयोग वा दुरुपयोग हुन नदिई असुरक्षित तथा गुणस्तर नहुने औषधीको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी, संचय र सेवनमा नियन्त्रण सम्बन्धी
७. स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क तथा अन्तर्राष्ट्रिय एवं क्षेत्रीय सम्मेलन, गोष्ठी, सेमिनार आदि सम्बन्धी
८. परिवार नियोजन तथा मातृशिशु कल्याण योजना र जनसंख्या नियोजन सम्बन्धी
९. वातावरणीय स्वास्थ्य कार्यक्रम सम्बन्धी
१०. स्वास्थ्य र पोषण शिक्षा सम्बन्धी
११. चिकित्सा तथा स्वास्थ्यसँग सम्बन्धित काउन्सिल, परिषद्, प्रतिष्ठान तथा अन्य संस्थाहरु सम्बन्धी
१२. नेपाल स्वास्थ्य सेवा र सो अन्तर्गतका समूह, उप-समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण तथा विभागीय कारबाही आदि सम्बन्धी ।

आज्ञाले,

**तीर्थमान शाक्य**

श्री ५ को सरकारको मुख्य सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४